**गौशाला नगरपालिका**

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ६ मितिः २०८२।०६।२५ गते

**भाग-१**

## गौशाला नगरपालिका

### गौशाला नगरपालिकामा शैक्षिक गुठि दर्ता सम्बन्धि कार्यविधि,२०८०

गौशाला नगरपालिका अन्तर्गत स्थापना गरिने नँया संस्थागत विद्यालयहरुलाई निजि गुठिमा दर्ता गरि कक्षा संचालनको अनुमति प्रदान गर्न वान्छनिय भएकोले, गौशाला नगरपालिकाको शिक्षा ऐन, २०८० को दफा ४७ बमोजिम गौशाला नगरकार्यपालिकाले यो कार्यविधि निर्माण गरेको छ ।

# गौशाला नगरपालिकामा शैक्षिक गुठि दर्ता सम्बन्धि कार्यविधि,२०८०

**प्रस्तावनाः**

गौशाला नगरपालिका अन्तर्गत स्थापना गरिने नँया संस्थागत विद्यालयहरुलाई निजि गुठिमा दर्ता गरि कक्षा संचालनको अनुमति प्रदान गर्न वान्छनिय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा (२) को खण्ड (ज) बमोजिम गौशाला नगरकार्यपालिकाले यो कार्यविधि निर्माण गरेको छ ।

प्राम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम "शैक्षिक गुठीदर्ता सम्बन्धि कार्यविधि, २०८० राखिएको छ ।

ख) यो कार्यविधि नगरपालिकाको वैठकबाट स्वीकृत भएको मिति देखि नगरपालिका भित्र प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "ऐन" भन्नाले नगर शिक्षा ऐन गौशाला, २०८० लाई सम्झनु पदर्छ ।

ख) "नगरपालिका" भन्नाले गौशाला नगरपालिका सम्झनु पर्दछ ।

ग) नगरपालिका प्रमुख भन्नाले " प्रमुख प्रशासकीय अधिकृत " लाई सम्झनु पर्छ ।

घ) "समिति" भन्नाले निजि शैक्षिक गुठी दर्ता समितिलाई सम्झनु पर्दछ ।

ङ) "सामाजिक विकास संयोजक " भन्नाले नगरपालिकाको सामाजिक रुपमा जिम्मेवारी प्रदान गरिएको व्यक्ति सम्झनु पर्दछ ।

च). "शिक्षा शाखा प्रमुख" भन्नाले शिक्षा शाखाको प्रमुखलाई सम्झनु पर्छ ।

छ). "शैक्षिक गुठि" भन्नाले विद्यालय संचानल गर्नको लागि कुनै व्यक्तिले नाफा लिने उदेश्यले स्थापना गरेको शैक्षिक गुठीसम्झनु पर्दछ ।

## परिच्छेद -२

## शैक्षिक गुठि दर्ता समिति सम्बन्धि व्यवस्था

३ . शैक्षिक गुठि दर्ताको निर्णय गर्नको लागि नगरपालिकामा देहाय बमोजिमको " शैक्षिक गुठि दर्ता समिति" रहनेछ :

क) नगर प्रमुख _ अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) नगरपालिका को सामाजिक संयोजक - सचिव

४. **गुठि दर्ता समितिको कम कर्तव्य र अधिकार :** गुठि दर्ता समितिको कम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क). शैक्षिक गुठीको लागि प्राप्त भएको निवेदन तथा विधानको अध्ययन गर्ने र नियामानुसार अन्तिमिकरण गर्ने,

ख). गुठि विधान दर्ताको लागि बैठक राखि निर्णय गर्ने,

ग). गुठि विधान प्रमाणीकरण गर्ने गराउने,

घ). गुठि दर्ता प्रमाणपत्र प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत लाई सिफारिस गर्ने

## परिच्छेद-३

## शैक्षिक गुठी दर्ता प्रक्रिया

**५. शैक्षिक गुठि दर्ता प्रक्रिया देहाय बमोजिम हुनेछ :**

१) कुनै पनि नेपाली नागरिकले निजि शैक्षिक गुठि दर्ता गर्न चाहेमा गुठीको विधान गुठियार हरुको निर्णय र नागरिकताको प्रमाणपत्र सहित अनुसूची-१ बमोजिमको ढाँचामा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुपर्ने, जसमा देहायको कुरा अनिवार्य रुपमा खुलाएको हुनुपर्नेछ ।

क). विद्यालय को नाम र ठेगाना,

ख). शैक्षिक गुठीको संस्थापकको नाम र ठेगाना,

ग). शैक्षिक गुठीका गुठियार तथा गुठियारको मुख्य भई कम गर्ने ब्यक्तिको नाम, नियुक्ति, प्रक्रिया र कार्यकाल

घ). गुठियार हरुको काम, कर्तब्य, अधिकार तथा निजहरुले पाउने सुबिधा,

ङ). शैक्षिक गुठीमा रहेको घर जग्गा आम्दानी ऋण तथा अन्य सम्पतिको विवरण

२) शैक्षिक गुठि दर्ताको लागि निवेदन प्राप्त भएपछि गुठीको विधान सहित उक्त निवेदन सदस्य सचिवले समिति समक्ष पेश गर्ने छ ।

३) समितिले विधान अन्य आवश्यक कुराहरु जाचबुझ गर्नेछ र आवश्यकता ठानेमा सो गुठीको अवलोकन निरिक्षण समेत गरि गुठि दर्ता गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

४) गुठि दर्ता गर्न  मुनासिव देखिएमा उक्त समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले अनुसूची- २ बमोजिमको ढांचामा गुठि दर्ताको प्रमाण पत्र प्रदान गर्नेछ ।
देहायका विद्यालयलाई निजि शैक्षिक गुठिको रुपमा दर्ता गरिने छैन :

क). सरकारी वा सार्वजनिक भवनमा संचालन भएको विद्यालय,

ख). सरकारी वा सार्वजनिक जग्गामा संचालन भएको विद्यालय,

ग). कुनै ब्यक्ति वा संस्थाले विधालयको नाममा भवन वा जग्गा दान दताब्य दिएकोमा भवन त्यस्तो जग्गामा भवन बनाइ संचालन भएको विद्यालय, तर कुनै व्यक्ति वा संस्थाले निजि गुठीको रुपमा विद्यालय स्थापना तथा संचालन गर्ने गरि कुनै विद्यालयलाई भवन वा जग्गा दान दताब्य दिएमा त्यस्तो विद्यालय शैक्षिक गुठीको रुपमा संचालन गर्ने सकिने छ ।

घ). शैक्षिक गुठीदर्ता सम्बन्धि अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

ङ). माथि जुनै सुकै व्यवस्था भए पनि यौ कार्यविधि प्रमाणीकरण भएको मिति अगाडी अनुमति प्राप्त शैक्षिक गुठीमा संचालित संस्थागत विद्यालयहरुले प्रमाणीकरण भएको मिति  देखि गुठि दर्ता प्रमाणपत्र प्राप्त गरि संचालन गर्नुपर्नेछ ।

## परिच्छेद — ४
## शैक्षिक खारेजी प्रक्रिया

**६. निजि शैक्षिक गुठी खारेजी प्रक्रिया देहाय बमोजिम हुनेछ :**

क) कुनै पनि नेपाली नागरिकले निजि शैक्षिक गुठि दर्ता गरि प्रचलित ऐन कानुन बमोजिम उक्त गुठि संचालन नभएको वा नगरिएको जानकारी प्राप्त हुन् आएमा समितिले सो गुठीको अनुगमन तथा निरीक्षण गर्नेछ ।

ख) अनुगमन तथा निरीक्षणको क्रममा सो गुठि ऐन, कानुन बिपरित संचलान भएको  पाइएमा समितिले दुई पटक सम्म सचेत गराउने छ ।

ग) सचेत गराउदा समेत अटेर गरेमा समितिले उक्त गुठि खारेज गर्नेछ तर गुठि खारेज गर्नु पुर्व समितिले सम्बन्धित गुठियारहरुलाई आफ्नो सफाई फेश गर्ने मनासिब मौका दिनुपर्छ ।

घ) गुठि खारेज गरे पश्चात उक्त गुठीको नाममा रहेको सम्पति नगरपालिकाको स्वामित्वमा रहनेछ ।

ङ) शैक्षिक गुठीखारेजी सम्बन्धि अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -५
## विविध

७. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठि अन्तर्गत विद्यालय संचालन गर्दा देहायका कुरामा देहायबमोजिम हुनुपर्दछ

क). शैक्षिक गुठि संचालन गर्ने संचालक संगठित संस्थाको रुपमा रहनेछ

ख). शैक्षिक गुठि संचालन गर्दा संचालन बोर्ड मा सार्वजनिक भए

ग). शैक्षिक गुठीको आय व्ययको लेखा सर्वमान्य लेखा प्रणालीमा राखी मान्यता प्राप्त लेखा प्रणालीमा राखी मान्यता प्राप्त लेखापरिक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ

घ). शैक्षिक गुठिको तत्काल कायम रहेका गुठीका संचालक ले आफ्नो जीवनकालमै वा शेषपछि उतराधिकारी तोक्न सक्नेछ ।

८. निजि शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक वा निजले तोकेको व्यक्ति पदेन गुठियार हुनेछ ।

९. निजि गुठीमा दर्ता भएको शैक्षिक संस्थाले वार्षिक रुपमा नगरपालिकाले तोकेको कर तिनुपर्नेछ

१०. यस कार्यविधिमा लेखिएका विषयहरुको संशोधन बचाउ र खारेजी गौशाला नगरपालिकाको नगर कार्यपालिकाले गर्नेछ ।

## अनुसूची-१
## शैक्षिक गुठि दर्ताको लागि दिइने निवेदन
## ( परिच्छेद ३ को दफा ५ (१) सँग सम्बन्धित )

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु
गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय
गौशला महोत्तरी

<u>विषय : गुठि दर्ता गरि दिने सम्बन्धमा</u>

प्रस्तुत विषय सम्बन्धमा हामी ...................... जना गुठियारहरु मिलेर शैक्षिक गुठि स्थापना गरि शैक्षिक क्रियाकलापहरु संचालन गर्ने योजना रहेकोले तपसिलका कागजात सहित गुठि विधान पेश गरेका छौ । उक्त विधान बमोजिम ................................. शैक्षिक गुठि दर्ता गरि दिन हुन सादर अनुरोध गर्दछौ ।

<u>निवेदकहरु</u>

१.
२.
३.
४.
५.

<u>संग्लग्न कागजातहरु</u>

१. ........ शैक्षिक गुठि विधान २ प्रति
२. सम्पूर्ण गुठियारहरुका नागरिकताका प्रतिलिपिहरू
३. शैक्षिक गुठि स्थापना गर्ने गुठियाराहरुको निर्णयको प्रतिलिप

**अनुसूची-२**

**शैक्षिक गुठि दर्ताको प्रमाणपत्र**

**( परिच्छेद ३ को दफा ५ (४) सँग सम्बन्धित )**

गौशाला नगरपालिका नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

गौशाला, महोत्तरी

मधेश प्रदेश, नेपाल

**<u>प्रमाण पत्र</u>**

यस गौशाला नगरपालिका वडा न. ............................ महोत्तरी स्थित श्री ................. .......... लाई शिक्षा ऐन २०२८ ( संशोधन सहित ), नगर शिक्षा ऐन गौशाला, २०८० तथा शिक्षा नियमावली २०५९ ( संशोधन सहित ) को नियम ११ अनुसार सम्वत् .................... साल .......... गते रोज ........... मा ...................... शैक्षिक गुठिको रुपमा यस कार्यालयमा दर्ता गरिएकोले यो प्रमाणपत्र प्रदान गरिएको छ

.....................................

प्रमुख प्रशासकीय अधिकृत

शैक्षिक गुठि दर्ता न.

**नगर सभाबाट स्वीकृत मितिः २०८०/०२/३० गते**

**प्रमाणीकरण मिति: २०८०/०३/३० गते**

**आज्ञाले,**

**ओम बहादुर अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**